National News

July 25th, 2025

Friday

प्रमुख समाचार:

१. भारत र माल्दिभ्सबीच आज मालेस्थित राष्ट्रपति कार्यालयमा प्रतिनिधिमण्डल स्तरीय वार्ता, पारस्परिक हितका मुद्दाहरूमा छलफल

२. संसदमा विपक्षीको होहल्लाका कारण दुवै सदनको कार्यवाही अवरुद्ध

३. अश्लील र अभद्र सामग्री देखाउने २५ ओटीटी वेबसाइट र एपहरू बन्द गर्न सरकारको निर्देशन

४. राजस्थानको झालावाड जिल्लामा विद्यालय भवन भत्किँदा सात विद्यार्थीको मृत्यु

१. प्रधानमन्त्री-मािल्दिभ्स

भारत र माल्दिभ्सले आज मालेस्थित राष्ट्रपति कार्यालयमा प्रतिनिधिमण्ड ल स्तरीय वार्ता गरेका छन्। वार्तामा प्रधानमन्त्री नरेन्द्र मोदी, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, विदेशमन्त्री एस. जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र दुई देशका अन्य वरिष्ठ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो। यसअघि, प्रधानमन्त्री मोदी र राष्ट्रपति मुइज्जुले द्विपक्षीय बैठकमा पारस्परिक हितका विभिन्न मुद्दाहरूमा छलफल गर्नुभयो। सो क्रममा प्रधानमन्त्रीले थप भन्नुभयो.......

यसअघि प्रधानमन्त्री मोदी माले आइपुगेपछि रिपब्लिक स्क्वायरमा गार्ड अफ अनर प्रदान गरिएको थियो। प्रधानमन्त्री मोदीलाई २१ तोपको सलामी पनि दिइएको थियो। राष्ट्रपति मुइज्जु पनि उहाँसँगै उपस्थित हुनुहुन्थ्यो। स्वागत समारोहमा माल्दिभ्सका बालबालिकाहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरे। प्रधानमन्त्री मोदी भोलि माल्दिभ्सको स्वतन्त्रताको ६० औं वार्षिकोत्सव समारोहमा विशेष अतिथि रहनु हुनेछ। प्रधानमन्त्री मोदीको यो भ्रमण भारतले माल्दिभ्सलाई दिने महत्त्वको प्रतीक हो। यसले भारतको छिमेकी प्रथम नीति र समुद्री

दृष्टिकोणको महत्त्वलाई पनि जोड दिन्छ। यो भ्रमणले दुवै देशलाई द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने अवसर प्रदान गर्नेछ।

## 2. Parliament - Adjouns

विपक्षी दलको होहल्लाका कारण संसदका दुवै सदनको कार्यवाही आज अवरुद्ध भयो। विपक्षी दलले विभिन्न मुद्दाहरूमा होहल्ला गरेपछि दुवै सदन सोमबारसम्मका लागि स्थगित गरिएको हो। यसअघि, कारगिल विजय दिवसको २६ औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा लोकसभाले देशका वीर सैनिकहर्ूको सम्झना गर्‍यो र देशका लागि आफ्नो जीवन बलिदान दिने सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्‍यो।

## २. RS- Krishi Sankalpa Abhiyan

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले पहिलो पटक विकासित कृषि संकल्प अभियान अन्तर्गत सात हजार नौ सयभन्दा बढी गाउँको भ्रमण गरेको बताउनुभएको छ। राज्यसभामा एक प्रश्नको जवाफ दिँदै श्री चौहानले वैज्ञानिकहरूले प्रत्येक गाउँको कृषि-जलवायु अवस्थाको बारेमा विस्तृत जानकारी सङ्कलन गरेको बताउनुभयो।

## ३. Defence - Radar

रक्षा मन्त्रायलयले भारतीय सेनाका लागि वायु एयर डिफेन्स फायर कन्ट्रोल राडार्सको खरीद हेतु भारत इलेक्ट्रोनिक्स लिमिटेडका साथ दुई हजार करोड रुपियाँको अनुबन्धमा हस्ताक्षर गरेको छ। रक्षा मन्त्रालयका अनुसार, यी फायर कन्ट्रोल राडारहरू, लडाका विमान, हमलावर हेलिकप्टरहरू अनि दुश्मनका ड्रोन लगायत सबै प्रकारका हवाई खतराहरू पत्ता लगाउनमा सक्षम हुनेछ। वायु रक्षा रेजिमेन्टहरूको आधुनिकीकरणमा यो एक माइलखुट्टी प्रमाणित हुनेछ अनि भारतीय सेनाको परिचालन क्षमतालाई पनि बढाउनेछ। रक्षा सचिव राजेश कुमार सिंहको उपस्थितिमा रक्षा मन्त्रालय तथा भारत इलेक्ट्रोनिक्स लिमिटेड अनि यसका वरिष्ठ अधिकारीहरूद्वारा नयाँ दिल्लीमा अनुबन्धमाथि हस्ताक्षर गरियो।

## ४. DRDO - Rajnath

यसैबीच रक्षा अनुसन्धान तथा विकास संगठन (DRDO) ले आन्ध्र प्रदेशको परीक्षण क्षेत्रमा ड्रोन मार्फत चल्ने क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण गरेको छ। रक्षामन्त्री राजनाथ सिंहले सामाजिक सञ्जाल पोस्टमा यो परीक्षण कुर्नूलमा गरिएको बताउनुभएको छ। यसले भारतको रक्षा क्षमता बढाउने उहाँको भनाइ छ।

## ५. Govt – OTT Restriction

सरकारले अश्लील र अभद्र सामग्री देखाउने २५ ओटीटी वेबसाइट र एपहरू बन्द गर्न निर्देशन दिएको छ। सूचना तथा प्रसारण मन्त्रालयले यी प्लेटफर्महरूबाट देखाइने केही सामग्री गम्भीर रूपमा अश्लील र अनुपयुक्त भएको बताएको छ। सूचना तथा प्रसारण मन्त्रालयले गृह मन्त्रालय, महिला तथा बाल विकास मन्त्रालय, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय, कानून विभाग, उद्योग, भारतीय उद्योग परिसंघ  र महिला तथा बाल अधिकार विज्ञहरूसँग परामर्श गरेपछि यो कारबाही गरेको हो।

## ६. Gujarat-CAA

आज गुजरातको राजकोटमा आयोजित एक कार्यक्रममा नागरिकता संशोधन ऐन- CAA अन्तर्गत १८५ जनालाई भारतीय नागरिकता प्रदान गरिएको छ। गृह राज्यमन्त्री हर्ष संघवीले उनीहरूलाई नागरिकता प्रमाणपत्र हस्तान्तरण गर्नुभयो। यी व्यक्तिहरू पाकिस्तानबाट बसाइँ सरेर कच्छ, मोरबी र राजकोट जिल्लामा बसोबास गरेका थिए। श्री संघवीले नयाँ नागरिक प्राप्त गरेका व्यक्तिहरूलाई सरकारबाट पूर्ण सहयोगको आश्वासन दिनुभयो र उनीहरूलाई सम्बन्धित सबै सरकारी योजनाहरूको लाभ प्रदान गरिने वाचा गर्नुभयो। समारोहमा लाभार्थीहरूले सरकारप्रति गहिरो कृतज्ञता व्यक्त गरे।

.................................................................................

७. ECI - VP- Election

निर्वाचन आयोगले कानून तथा न्याय मन्त्रीसँग परामर्श गरी उपराष्ट्रपतिको निर्वाचनको लागि राज्यसभाका महासचिवलाई निर्वाचन अधिकारीको रूपमा नियुक्त गरेको छ। आयोगले उपराष्ट्रपतिको निर्वाचनको लागि सहसचिव र राज्यसभा सचिवालयका निर्देशकलाई सहायक निर्वाचन अधिकारीको रूपमा नियुक्त गरेको छ। राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन ऐन, १९५२ को धारा ३ अन्तर्गत, निर्वाचन आयोगले केन्द्र सरकारसँग परामर्श गरी निर्वाचन अधिकारी नियुक्त गर्दछ।

८. ELI - Cabinet

केन्द्रीय मन्त्रिपरिषद्ले स्वीकृत गरेको रोजगारीसँग सम्बद्ध प्रोत्साहन (ईएलआई) योजना 1 अगस्त 2025 देखि प्रधानमन्त्री विकसित भारत रोजगार योजना (पीएम-भीबीआरवाई) को रूपमा लागू हुनेछ। यो योजनाका लाभहरू 1 अगस्त 2025 देखि 31 जुलाई 2027 बीच सिर्जना गरिएका रोजगारीहरूमा लागू हुनेछन्। यो रोजगार आधारित विकासको माध्यमद्वारा आर्थिक विकासलाई गति प्रदान गर्ने भारतको रणनीतिको एक महत्त्वपूर्ण हिस्सा हो।

१०.Rajastthan – Accident

राजस्थानको झालावाड जिल्लाको मनोहर थानाको पिपलोडी गाउँमा सरकारी उच्च प्राथमिक विद्यालयको छत भत्किँदा सात बालबालिकाको मृत्यु भएको छ र २० भन्दा बढी घाइते भएका छन्। विद्यालय भवन धेरै पुरानो भएको र हालैको भारी वर्षाले क्षतिग्रस्त भएको बताइएको छ। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले विद्यार्थीहरूको मृत्युप्रति शोक व्यक्त गर्नुभएको छ।

## ११.Sports News

अब खेल प्रसंगः भारत र इङ्ग्ल्याण्डबीचको एन्डरसन-तेन्डुलकर ट्रफीको चौथो क्रिकेट टेस्ट म्याच इङ्ग्ल्याण्डको मानचेष्टरमा जारी छ। फिडे महिला विश्वकप चेसको फाइनल खेल दुई भारतीय खेलाडीहरू बीच हुनेछ। शीर्ष वरीयता प्राप्त महिला ग्रान्डमास्टर कोनेरु हम्पी र दिव्या देशमुखले एकअर्काको सामना गर्नेछन्। कोनेरु हम्पीले हिजो राति जर्जियाको बटुमीमा भएको सेमिफाइनल टाई-ब्रेक खेलमा चीनकी ली टिंगजीलाई पराजित गरिन्। हम्पी लगातार दोस्रो पटक क्यान्डिडेट टुर्नामेन्टका लागि छनोट भएकी छिन्। दुई भारतीय खेलाडीहरूले क्यान्डिडेट टुर्नामेन्टमा स्थान बनाउन सफल रहेको यो दोस्रो पटक हो।